# शारदा नगरसभा
# नगर सभाको १९ औं अधिवेशनमा प्रस्तुत
# आ.व. २०८३/०८४ को

## बजेट वक्तव्य

**प्रस्तुत कर्ता :- उप-प्रमुख श्री सुस्मिता सापकोटा सुनार**

**२०८३ आषाढ ०९ गते**

**आदरणीय सभाध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी मित्रहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू !**

सर्वप्रथम नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नागरिक अधिकारको प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनका क्रममा घाइते हुनुभएका, अपाङ्गता भएका व्यक्तिहरू, शहीद परिवार, बेपत्ता नागरिक तथा उहाँहरूका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु।

स्थानीय तह निर्वाचन २०७९ पश्चात् पाँचौं तथा यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्ने ऐतिहासिक अवसर प्राप्त भएकोमा म आफूलाई गौरवान्वित महसुस गरेकी छु। जिल्लाको सदरमुकाममा अवस्थित यस नगरपालिकाको उपप्रमुखको हैसियतले सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा विशेष जिम्मेवारीबोधका साथ यस महत्वपूर्ण दायित्व निर्वाह गर्ने अवसर प्राप्त भएकोमा हर्षित छु।

यस कार्यकालभर नगरवासीको विश्वास, जनप्रतिनिधिहरूको रचनात्मक सहयोग, राष्ट्रसेवक कर्मचारीहरूको समर्पण तथा सरोकारवाला निकायहरूको सहकार्यबाट प्राप्त अनुभव, सिकाइ र उपलब्धिहरूलाई आत्मसात् गर्दै यो बजेट तर्जुमा गरिएको छ। यस अवसरमा नगरपालिकाको समग्र विकास, सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज तथा सञ्चारजगतप्रति हार्दिक आभार व्यक्त गर्दछु।

यस नगरपालिकाको भौगोलिक विषमता, सामाजिक तथा सांस्कृतिक बहुलता, नागरिकका आवश्यकता र अपेक्षा, उपलब्ध स्रोत साधन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, साथै सम्भावित विपद् तथा चुनौतीहरूलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस वर्षको बजेटले नगरवासीको जीवनस्तर सुधार, उत्पादन र रोजगारी अभिवृद्धि, गुणस्तरीय सेवा प्रवाह, दिगो पूर्वाधार विकास, सामाजिक न्याय, समावेशी विकास तथा सुशासनलाई विशेष प्राथमिकतामा राखेको छ।

सर्वप्रथम म चालु आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म सम्पन्न भएका प्रमुख कार्यक्रम, आयोजना तथा गतिविधिहरूमार्फत हासिल भएका आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय तथा संस्थागत विकासका महत्वपूर्ण उपलब्धिहरूको संक्षिप्त विवरण सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

सीमित स्रोत साधन, बढ्दो जनअपेक्षा तथा विविध चुनौतीका बाबजुद नगरपालिकाले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार निर्माण, वातावरण संरक्षण, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार तथा सम्पूर्ण नगरवासीको सहयोग र सहभागिताबाट प्राप्त केही महत्वपूर्ण उपलब्धिहरू निम्नानुसार रहेका छन्।

## आर्थिक विकासतर्फ

नगरका वडा कार्यालयबाहेक थप १५ स्थानबाट कृषि तथा पशुपन्छीसम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउँदै करिब १,५०० कृषकलाई  परामर्श, विषादी तथा औषधि वितरण गरिएको छ। पालिकास्तरीय माटो परीक्षण प्रयोगशाला स्थापना गरी वडा कृषि प्राविधिकहरूको प्राविधिक सहजीकरणमा १५० वटा माटोको नमुना परीक्षण गरिएको छ। साथै २१८ जना कृषकलाई उनीहरूकै खेतबारीमा पुगेर स्थलगत तालिम प्रदान गरिएको छ।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको समन्वयमा वडा नं. १० मा ६० रोपनी तथा वडा नं. ३, ४ र ९ मा २०/२० रोपनीका दरले गरी कुल १२० रोपनी क्षेत्रफलमा ओखर बगैंचा स्थापना तथा सिँचाइ पूर्वाधार निर्माण गरिएको छ। विपन्न वर्ग लक्षित कार्यक्रमअन्तर्गत वडा नं. २, ६ र १५ का १५ जना विपन्न कृषकलाई तालिमसहित ६ वटा मिनी टिलर, १२ वटा प्लास्टिक टनेल तथा अन्य आवश्यक कृषि सामग्री वितरण गरिएको छ। साथै वडा नं. ६ को बरला, वडा नं. ११ को डाँडासिम, वडा नं. १५ को हरले र वडा नं. ९ को बागचौरमा १०० जना कृषकलाई २१/२१ दिन अवधिको पोषण पाठशाला सञ्चालन गरी सैद्धान्तिक तथा प्रयोगात्मक तालिमका साथै बीउबिजन वितरण गरिएको छ।

कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। पशु स्वास्थ्य तथा उत्पादन सुधार कार्यक्रमअन्तर्गत ३,८१० पशुमा लम्पी स्किन

रोगविरुद्ध तथा ३४६ कुकुरमा रेबिजविरुद्ध खोप प्रदान गरिएको छ।आर्थिक वर्षभर २९ हजार ५६५ वटा मेडिकल उपचार, १ हजार ६८८ वटा माइनर शल्यक्रिया तथा ७९७ वटा प्रजननसम्बन्धी उपचार सेवा प्रदान गरिएको छ। व्यवसायिक पशुपालन प्रवर्द्धनका लागि २३८ कृषकलाई विभिन्न तालिम प्रदान गरिएको छ तथा ७१ वटा छाडा चौपायाको गौशालामार्फत व्यवस्थापन गरिएको छ।

सहकारी तथा उद्यम विकासतर्फ सहकारी संस्थाहरूको अनुगमन, नियमन तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिएका छन्। लघु उद्यम विकास कार्यक्रमअन्तर्गत विभिन्न सीपमूलक तथा आयआर्जनमूलक तालिम सञ्चालन गरी स्थानीय उद्यमशीलता प्रवर्द्धन गरिएको छ। चालु आर्थिक वर्षमा ४६ वटा नयाँ व्यवसाय दर्ता, १९५ वटा व्यवसाय नवीकरण तथा २२ वटा व्यवसाय खारेज गरिएको छ।

## सामाजिक विकासतर्फ

शिक्षा क्षेत्रको गुणस्तर सुधार तथा शैक्षिक पहुँच विस्तारलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। नगरस्तरीय वार्षिक परीक्षा सफलतापूर्वक सञ्चालन गरिएको छ जसमा कक्षा ५ मा ७०५ र कक्षा ८ मा ६७४ विद्यार्थी सहभागी भएका छन्। विद्यालयहरूको नियमित अनुगमन, शिक्षक क्षमता विकास कार्यक्रम तथा सूचना प्रविधिमैत्री शिक्षालाई प्रोत्साहन गर्न १३ विद्यालयमा कम्प्युटर तथा प्रिन्टर वितरण गरिएको छ। शिक्षकहरूका लागि सूचना प्रविधि तथा विषयगत तालिमहरू सञ्चालन गरिएको छ।

युवा तथा खेलकुद क्षेत्रतर्फ विभिन्न खेलकुद प्रतियोगिता तथा प्रतिभा विकास कार्यक्रम सञ्चालन गरिएका छन्। १६औँ जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा शारदा नगरपालिकाले लगातार दोस्रो पटक प्रथम स्थान हासिल गरेको छ। तेस्रो शारदा मेयर कप टी २० क्रिकेट प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको छ। विद्यार्थीहरूमा अध्ययन संस्कृतिको विकास, सिर्जनात्मक क्षमता अभिवृद्धि तथा शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले चौथो पढाइ मेला सफलतापूर्वक सम्पन्न गरिएको छ।

स्वास्थ्य क्षेत्रतर्फ आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिएको छ। २१ हजार ४९७ जनाले बहिरङ्ग सेवा प्राप्त गरेका छन् भने १ हजार २८६ बालबालिकाले पूर्ण खोप प्राप्त गरेका छन्। १ हजार ७२८ जना ज्येष्ठ नागरिक तथा अशक्त नागरिकलाई घरदैलोमै

स्वास्थ्य सेवा प्रदान गरिएको छ। २२० जनाको मोतिबिन्दु शल्यक्रिया सम्पन्न गरिएको छ भने ३१३ किशोरीलाई एचपीभी खोप प्रदान गरिएको छ। सुनौला हजार दिनका १ हजार २७ जना आमालाई पोषण सहायता उपलब्ध गराइएको छ। विभिन्न स्वास्थ्य शिविर, योग कार्यक्रम तथा विशेषज्ञ सेवा सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँच विस्तार गरिएको छ।

## महिला, बालबालिका तथा सामाजिक समावेशीकरणतर्फ

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा पछाडि परेका वर्गहरूको सशक्तीकरण र संरक्षणका कार्यक्रम सञ्चालन गरिएका छन्। ३५ वटा अपाङ्गता परिचयपत्र तथा ७ वटा ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ। 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको' कार्यक्रम अन्तर्गत ७९ जना छोरीहरूको बैंक खाता खोलिएको छ। महिला उद्यमशीलता विकास, लैङ्गिक हिंसा न्यूनीकरण, बालविवाह अन्त्य तथा सामाजिक सचेतना सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। बालअधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक समिति तथा संरचनाहरू गठन गरी कार्यान्वयनमा ल्याइएको छ।

## पूर्वाधार विकासतर्फ

नगरपालिकाभित्र सडक, भवन, खानेपानी, सिंचाइ तथा अन्य सार्वजनिक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिइएको छ। चालु आर्थिक वर्षमा ९५० मिटर कालोपत्रे सडक, १ हजार ६ सय मिटर ढलान सडक तथा करिब २० किलोमिटर नयाँ सडक ट्र्याक निर्माण गरिएको छ। खानेपानीतर्फ २ वटा फिल्टर प्लान्ट, ८ वटा ट्याङ्की निर्माण, ४३ हजार ३७० मिटर पाइपलाइन विस्तार तथा ४ हजार ५४० मिटर सिंचाइ कुलो निर्माण गरिएको छ।

यसैगरी विभिन्न वडाहरूमा ६ वटा भवन निर्माण तथा मर्मत, ४ वटा सार्वजनिक शौचालय, १२ वटा प्रतिक्षालय तथा चौतारा निर्माण सम्पन्न गरिएको छ। तटबन्ध, खेलमैदान, मन्दिर, घेरबार लगायतका विभिन्न पूर्वाधार निर्माण कार्य सम्पन्न भएका छन्।

## वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ

वन तथा वातावरण संरक्षण, जलाधार संरक्षण, सरसफाइ तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिएका छन्। बाढी तथा पहिरो प्रभावित क्षेत्रमा रोकथाम तथा संरक्षणका कार्यहरू सम्पन्न गरिएका छन्। विपद् पूर्वतयारी, राहत तथा उद्धार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक संरचना तथा संयन्त्रलाई सुदृढ गरिएको छ।

## सुशासन तथा संस्थागत विकासतर्फ

सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी तथा नागरिकमैत्री बनाउन सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिएको छ। प्रशासनिक तथा प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन्। सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल तथा प्रविधिमैत्री बनाउन विभिन्न डिजिटल प्रणालीहरूको प्रयोग विस्तार गरिएको छ।

## आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,

उल्लेखित उपलब्धिहरू नगरसभाका सम्मानित सदस्यहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, विकास साझेदार संस्थाहरू तथा सम्पूर्ण नगरवासीको सहयोग, सहभागिता र विश्वासको परिणाम हुन्। प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै बाँकी चुनौतीहरूको समाधानका लागि आगामी आर्थिक वर्षमा थप प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धतासहित अब म आर्थिक वर्ष २०८३/०८४ को बजेटका आधारभूत सोच, लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरू सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

(क)सोच

"दिगो पूर्वाधार, उत्पादनशील अर्थतन्त्र र सुशासनयुक्त समृद्ध शारदा; सुखी, सुरक्षित र आत्मनिर्भर शारदावासी"

(ख) लक्ष्य

आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासमा गुणात्मक सुधार हासिल गर्दै वातावरणमैत्री, समावेशी, न्यायपूर्ण, उत्तरदायी र सुशासनयुक्त समृद्ध नगरपालिका निर्माण गर्ने।

(ग) उद्देश्यहरू

१. कृषि, पशुपन्छीपालन, उद्यमशीलता तथा पर्यटन क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमार्फत उत्पादन, उत्पादकत्व तथा रोजगारीका अवसरहरू वृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउने।

२. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा तथा अन्य आधारभूत सेवाहरूमा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै समावेशी, गुणस्तरीय र नागरिकमैत्री सेवा प्रवाहलाई सुदृढ गर्ने।

३. गुणस्तरीय तथा दिगो पूर्वाधार विकास, सुरक्षित यातायात, व्यवस्थित बस्ती विकास तथा सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत आधुनिक र नमूना नगरपालिका निर्माण गर्ने।

४. प्राकृतिक स्रोत साधनको संरक्षण, वातावरणीय सन्तुलन, जलाधार क्षेत्र व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माणमा जोड दिँदै दिगो विकासलाई प्रवर्द्धन गर्ने।

५. सुशासन, पारदर्शिता, जवाफदेहिता, सहभागितामूलक विकास प्रक्रिया तथा प्रविधिमैत्री प्रशासनमार्फत प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्ने।

**(घ) अपेक्षित उपलब्धिहरू**

१. कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि भई रोजगारी तथा आयआर्जनका अवसर विस्तार हुनेछन्।

२. गुणस्तरीय शिक्षामा सबै नागरिकको पहुँच अभिवृद्धि भई शैक्षिक उपलब्धिमा सुधार आउनेछ।

३. आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा नागरिकको पहुँच र गुणस्तरमा उल्लेखनीय वृद्धि हुनेछ।

४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा पछाडि पारिएका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरणमा टेवा पुग्नेछ।

५. गुणस्तरीय तथा दिगो पूर्वाधार विकासले नागरिकको जीवनस्तर सुधारमा योगदान पुऱ्याउनेछ।

६. सहकारी, सामुदायिक वन तथा निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय उद्योग, उद्यम तथा स्वरोजगारका अवसरहरू विस्तार हुनेछन्।

७. प्रविधिमैत्री तथा नागरिकमैत्री प्रशासनमार्फत छिटो, सहज र प्रभावकारी सेवा प्रवाह सुनिश्चित हुनेछ।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरू**

आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरपालिकाले देहायका संवैधानिक, कानुनी, नीतिगत तथा योजनागत आधारहरू अवलम्बन गरेको छः

• नेपालको संविधान तथा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४
• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
• संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
• नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट
• स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, २०७८
• नगरपालिकाका प्रचलित ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू
• सोह्रौ पञ्चवर्षीय योजना तथा दीगो विकास लक्ष्य (SDGs)
• राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्क तथा प्रतिवेदनहरू
• नगरपालिकाको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना तथा क्षेत्रगत योजनाहरू
• विषयगत समिति, नगर कार्यपालिका, नगरसभा तथा सरोकारवालाबाट प्राप्त सुझाव र निर्णयहरू
• नीति तथा कार्यक्रम तथा बजेट निर्माणका क्रममा प्राप्त सुझाव, छलफल र अन्तरक्रियाबाट प्राप्त निष्कर्षहरू
• नगरपालिकाको समग्र आवश्यकता, सम्भावना र प्राथमिकताका विषयहरू।

**आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित कुल बजेट तथा यसको क्षेत्रगत विनियोजन सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न चालु खर्चतर्फ रु. ६६ करोड ९० लाख २६ हजार ५१३ रुपैया तथा पुँजीगत खर्चतर्फ रु. ६९ करोड ११ लाख विनियोजन गरी कुल रु. १ अर्ब ३६ करोड १ लाख २६ हजार ५१३ रुपैयाको बजेट प्रस्ताव गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने **प्रमुख क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरू** प्रस्तुत गर्न चाहन्छु।

## कृषि तथा पशुपन्छी विकास

कृषि तथा पशुपन्छी क्षेत्रलाई नगरपालिकाको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गरिनेछ। कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा विविधीकरणमा जोड दिइनेछ। कृषकहरूलाई उन्नत बीउ, मल तथा कृषि सामग्रीमा पहुँच विस्तार गरिनेछ। स्थानीय रैथाने बाली तथा बीउ संरक्षण, कृषि उपजको संकलन तथा भण्डारण व्यवस्था, कृषि पकेट क्षेत्र विकास तथा माटो परीक्षण सेवाको विस्तार गरिनेछ। पशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ तथा व्यवसायिक पशुपालनमार्फत आयआर्जन वृद्धि गरिनेछ। यस क्षेत्रका कार्यक्रम सञ्चालनका लागि रु. **१ करोड ३८ लाख** विनियोजन गरेकी छु ।

## उद्यम विकास तथा रोजगारी प्रवर्द्धन

लघु, घरेलु तथा साना उद्योगको विकासमार्फत स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गरिनेछ । स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित उद्यम स्थापना तथा विस्तारका कार्यक्रम सञ्चालन गरिनेछन् । उद्यमीहरूको आवश्यकता अनुसार सीप विकास, पुनर्ताजगी तथा उन्नत तालिम सञ्चालन गरिनेछ। यस क्षेत्रका लागि रु. **७५ लाख** विनियोजन गरेकी छु ।

## पर्यटन तथा संस्कृति प्रवर्द्धन

नगरपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ। पर्यटकीय पूर्वाधार विकास, पर्यटनसँग सम्बन्धित सीप विकास तथा स्थानीय कला, संस्कृति र परम्पराको संरक्षणमार्फत पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्रसँग जोडिनेछ। यसका लागि **रु ४० लाख** बजेट विनियोजन गरेकी छु ।

## शिक्षा, यूवा तथा खेलकुद विकास

गुणस्तरीय, समावेशी तथा प्रविधिमैत्री शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ। विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा शैक्षिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखिनेछ। शिक्षा क्षेत्रका समग्र कार्यक्रम सञ्चालनका लागि **रु. २६ करोड ५५ लाख** विनियोजन गरेकी छु ।

## स्वास्थ्य तथा पोषण

आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, सुरक्षित मातृत्व सेवा, औषधि व्यवस्थापन, स्वास्थ्य शिविर सञ्चालन तथा स्वास्थ्य संस्थाहरूको पूर्वाधार सुधारलाई प्राथमिकता दिइनेछ। स्वास्थ्य क्षेत्रका कार्यक्रम सञ्चालनका लागि रु. **५ करोड २१ लाख** विनियोजन गरेकी छु ।

## खानेपानी तथा सरसफाइ

स्वच्छ खानेपानी तथा सरसफाइ सेवामा नागरिकको पहुँच विस्तार गरिनेछ। निर्माणाधीन तथा प्रस्तावित खानेपानी आयोजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सुरक्षित खानेपानी

उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यसका लागि रु. **४५ करोड ७२ लाख ५० हजार** विनियोजन गरेकी छु ।

## महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गहरूको क्षमता विकास, सशक्तीकरण तथा सामाजिक संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछन्। बालविवाह, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा सामाजिक विकृतिविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। यस क्षेत्रका लागि रु. **१ करोड ६१ लाख** विनियोजन गरेकी छु ।

## पूर्वाधार विकास

नगरपालिकाका सबै वडाहरूमा सन्तुलित विकास सुनिश्चित गर्दै सडक, भवन, सिंचाइ तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका कार्यक्रम सञ्चालन गरिनेछन्। जनसहभागितामूलक विकासलाई प्राथमिकता दिँदै योजनाहरूको दिगोपनामा विशेष ध्यान दिइनेछ। पूर्वाधार विकासका लागि रु. १४ **करोड ४५ लाख** विनियोजन गरेकी छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

वन संरक्षण, जलाधार संरक्षण, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्। बाढी, पहिरो तथा अन्य प्राकृतिक विपदबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारी तथा उद्धार व्यवस्थापनलाई सुदृढ बनाइनेछ। यस क्षेत्रका लागि **रु १ करोड** विनियोजन गरेकी छु ।

## वैकल्पिक ऊर्जा

स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ। सुधारिएको चुल्हो, बायोग्यास, सौर्य ऊर्जा तथा अन्य वैकल्पिक ऊर्जा प्रविधिको विस्तार गरी वातावरण संरक्षण तथा नागरिकको जीवनस्तर सुधारमा योगदान पुऱ्याइनेछ। यसका लागि **रु १० लाख** विनियोजन गरेकी छु ।

## सुशासन तथा संस्थागत विकास

सुशासन, प्रभावकारी सेवा प्रवाह तथा नतिजामुखी कार्यसम्पादनलाई थप सुदृढ बनाउन सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाइनेछ। कर्मचारीहरूको क्षमता अभिवृद्धि, संस्थागत सुदृढीकरण तथा सूचना प्रविधिमा आधारित प्रशासनिक प्रणालीको विकासलाई प्राथमिकता दिइनेछ। साथै कर्मचारीहरूको मनोबल उच्च राख्दै कार्यसम्पादनमा थप उत्प्रेरणा प्रदान गर्न आगामी आर्थिक वर्षदेखि तलबमा १० प्रतिशत वृद्धि तथा १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरेकी  छु। प्रशासनिक खर्च, जनप्रतिनिधि तथा कर्मचारी सेवा सुविधा, क्षमता विकास तथा संस्थागत सुदृढीकरण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

## न्यायिक समिति तथा मेलमिलाप

न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाइनेछ। मेलमिलापकर्ताको क्षमता अभिवृद्धि तथा न्याय सम्पादन प्रक्रियालाई सहज र छरितो बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन्। यसका लागि **रु. २० लाख** विनियोजन गरेकी छु ।

## सहकारी, वित्तीय संस्था तथा गै.स.स. क्षेत्र

सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण, नियमन, अनुगमन तथा क्षमता विकासलाई प्राथमिकता दिइनेछ। सहकारीलाई उत्पादन, उद्यमशीलता तथा स्वरोजगारसँग जोड्दै स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने वातावरण निर्माण गरिनेछ।  वित्तिय क्षेत्र तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि रु. **३० लाख** विनियोजन गरेकी छु ।

## सूचना प्रविधि तथा डिजिटल सेवा

सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, भरपर्दो, पारदर्शी तथा नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। डिजिटल सेवा विस्तार, एकीकृत सेवा प्रवाह प्रणालीको विकास तथा कार्यान्वयन, विद्युतीय हाजिरी प्रणाली, निगरानी प्रणाली (CCTV) तथा सूचना

व्यवस्थापन प्रणालीलाई थप सुदृढ र व्यवस्थित गरिनेछ। यस क्षेत्रका लागि **रु. ८०** लाख विनियोजन गरेकी छु।

## समपूरक योजना तथा कार्यक्रम

नगरपालिकाको सडक पूर्वाधारको स्तरोन्नतिलाई निरन्तरता दिँदै संघ सरकारसँगको लागत साझेदारीमा रामेखोला–कजेरी–र्याले सडक निर्माणका लागि रु. २ करोड १० लाख विनियोजन गरेकी छु। त्यसैगरी बरला–माल्नेटा जाने सडकको कालोपत्रे कार्य सम्पन्न गर्न रु. १ करोड ४० लाख बजेट विनियोजन गरेकी छु।

प्रदेश सरकारसँगको लागत साझेदारीमा शारदा नगरपालिका वडा नं. २ को कार्यालय भवन निर्माणका लागि रु. १ करोड र लेखपोखरा जाने मोडदेखि स्यानीखालसम्म जाने सडकको कालोपत्रे निर्माणका लागि रु. १ करोड बजेट विनियोजन गरेकी छु।

संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्राथमिकताका विकास आयोजनाहरू सञ्चालन गर्न समपूरक कोषमार्फत रु. **५ करोड ५० लाख** विनियोजन गरेकी छु ।

## विशेष योजना तथा कार्यक्रम

संघीय विशेष योजना तथा कार्यक्रमअन्तर्गत पोषण तथा खाद्य सुरक्षाको अवस्था सुदृढ गर्दै नागरिकको पोषणस्तर अभिवृद्धि गर्ने उद्देश्यले पोषण तथा खाद्य सुरक्षा कार्यक्रम सञ्चालनका लागि **रु. ६७ लाख** बजेट विनियोजन गरेकी छु।

प्रदेश विशेष कार्यक्रमअन्तर्गत कृषक समूहका लागि यान्त्रिकीकरण कार्यक्रममार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै उत्पादनमुखी एवं आयआर्जनमूलक गतिविधिमा प्रोत्साहन गर्न रु. ३५ लाख तथा युवालाई लक्षित व्यावसायिक पशुपन्छी पालन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रु. ३५ लाख गरी जम्मा रु**. ७० लाख** बजेट विनियोजन गरेकी छु।

**आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

अब म संघीय तथा कर्णाली प्रदेश सरकार मार्फत प्राप्त अनुदान र आन्तरिक श्रोतबाट कार्यान्वयन हुने आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

**अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः**

| **आ.व. ०८३।०८४ को आय- विवरण** | | |
|---|---|---|
| १ | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ११करोड ७७ लाख |
| २ | नेपाल सरकारबाट प्राप्त राजश्व बाडफाँड | ११ करोड ५८ लाख १० हजार |
| ३ | शसर्त अनुदान- संघ | ७ ५ करोड ६० लाख |
| ४ | समपुरक अनुदान- संघ | १ करोड ७५ लाख |
| ५ | प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | १ करोड ६२ लाख ६ हजार |
| ६ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाँड | ३३ लाख ६४ हजार ५१३ |
| ७ | शसर्त अनुदान- प्रदेश | ७ करोड १२ हजार |
| ८ | समपुरक-संघ | १ करोड ७५ लाख |
| ९ | समपुरक-प्रदेश | १ करोड |
| १० | विषेश अनुदान- प्रदेश | ७०लाख |
| ११ | सामाजिक सुरक्षा | १३ करोड ९८ लाख ३४ हजार |
| १२ | लक परियोजना | २ करोड २६ लाख |
| १३ | आन्तरिक श्रोत | ७ करोड ७४ लाख |
| जम्मा | | **१ अर्ब ३६ करोड १ लाख २६ हजार ५१३** |

| आ.व. ०८३।०८४ को व्यय विवरण | | |
|---|---|---|
| **क्षेत्रगत विनियोजन** | | |
| १ | आर्थिक विकास | ४ करोड ३० लाख |
| २ | सामाजिक विकास | ४७ करोड ७५ लाख ३४ हजार |
| ३ | पूर्वाधार विकास | ५६ करोड ३२ लाख ५० हजार |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | १ करोड |
| ५ | सुशासन तथा संस्थागत विकास | २६ करोड ६३ लाख ४२ हजार ५१३ |
| जम्मा रु. | | **१ अर्ब ३६ करोड १ लाख २६ हजार ५१३** |
| **कार्यक्रमगत विनियोजन** | | |
| १ | शिक्षा, युवा तथा खेलकुद | २६ करोड ५५ लाख |
| २ | स्वास्थ्य तथा पोषण | ५ करोड २१ लाख |
| ३ | सामाजिक सुरक्षा | १३ करोड ९८ लाख ३४ हजार |
| ४ | कृषि विकास | ७५ लाख |
| ५ | पशु सेवा | ६३ लाख |
| ६ | रोजगार प्रवर्द्धन कार्यक्रम | ४० लाख |
| ७ | महिला, बालबालिका तथा समाज कल्याण | १ करोड ६१ लाख |
| ८ | न्यायिक समिति तथा मेलमिलाप | २० लाख |
| ९ | वैकल्पिक उर्जा | १० लाख |
| १० | खानेपानी तथा सरसफाई | ४५ करोड ७२ लाख ५० हजार |
| ११ | सहकारी/संघ संस्था | ३० लाख |
| १२ | बन तथा वातावरण | ५० लाख |
| १३ | सूचना प्रविधि तथा एकिकृत सेवा | ८० लाख |
| १४ | कर्मचारी कल्याण कोष | ५० लाख |
| १५ | लघु उद्यम विकास | ३५ लाख |
| १६ | विशेष अनुदान | १ करोड ३७ लाख |

| | | |
|---|---|---|
| १७ | विपद व्यवस्थापन कोष | ५० लाख |
| १८ | वडा पुजिगत | २ करोड २५ लाख |
| १९ | पुर्वाधार तर्फ | ३ करोड ३० लाख |
| २० | पर्यटन तथा संस्कृति प्रवर्दन | ४० लाख |
| २१ | भुक्तानी बाँकी परियोजना | ८० लाख |
| २२ | कर्मचारी पारिश्रमिक | १६ करोड ३९ लाख ४२ हजार ५१३ |
| २३ | कार्यालय संचालन तथा सेवा प्रवाह | ३ करोड |
| २४ | पदाधिकारी सेवा सुविधा | १ करोड ५० लाख |
| २५ | वडागत चालु | ६९ लाख |
| २६ | लक परियोजना | १ करोड ३० लाख |
| २७ | क्रमागत योजना | ५० लाख |
| २८ | नगर प्रहरी | ९० लाख |
| २९ | समपुरक आयोजनाहरु | ५ करोड ५० लाख |
| जम्मा रु. | | **१ अरब ३६ करोड १ लाख २६ हजार ५१३** |

**आदरणीय सभाध्यक्षज्यू तथा सभासदस्यज्यूहरू,**

मैले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पूर्वाधार विकासमा सकारात्मक परिवर्तन आउने, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका प्रयासहरू थप सुदृढ हुने, सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय सुधार हुने तथा सुशासन प्रवर्द्धनमार्फत नागरिकको स्थानीय सरकारप्रतिको विश्वास र भरोसा अझ मजबुत हुने अपेक्षा लिएकी छु।

स्थानीय तह निर्वाचन २०७९ पश्चात् प्राप्त जनविश्वासलाई केन्द्रमा राखी यस कार्यकालभर नगरपालिकाको विकास, सेवा प्रवाह र संस्थागत सुदृढीकरणका लागि निरन्तर प्रयास गरिएको छ। यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्ने क्रममा यहाँसम्म आइपुग्न सहयोग, सहकार्य र सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस बजेट तर्जुमा प्रक्रियामा आवश्यक मार्गदर्शन प्रदान गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडाध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू तथा राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

त्यसैगरी बजेट निर्माणका क्रममा रचनात्मक सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, उद्योग वाणिज्य क्षेत्र, बैंक तथा वित्तीय संस्था, सहकारीकर्मीहरू, निर्माण व्यवसायीहरू, होटल तथा पर्यटन व्यवसायीहरू, सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, महिला समूह, आमा समूह, बाल तथा युवा सञ्जाल, स्वास्थ्य स्वयंसेविका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक क्याम्पस, पत्रकार मित्रहरू, शिक्षक, बुद्धिजीवी, नागरिक समाज तथा निजी क्षेत्रका सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा निरन्तर योगदान पुऱ्याउनुहुने सम्पूर्ण करदाता, विकास साझेदार संस्था, गैरसरकारी संस्था, सामाजिक संघसंस्था तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरूको निरन्तर साथ, सहयोग र रचनात्मक सहभागिता प्राप्त हुने विश्वास व्यक्त गर्दै सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

सुस्मिता सापकोटा सुनार
उपप्रमुख
शारदा नगरपालिका